बन्दिपुर गाउँपालिका
Bandipur Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
बन्दिपुर, तनहुँ
Bandipur, Tanahun
२०७३ (2063)
गण्डकी प्रदेश, नेपाल
Gandaki Province , Nepal

प.सं. (Ref. No.):- २०७६/७७ (2076/77)
च.नं. (Dis. No.):-
मिति (Date):- २०७६/११/२७

# कोरोना भाईरस (कोभिड-१९) सम्बन्धि बन्दिपुर गाउँपालिकाको जनहितमा जारि सुचना

हाल विश्वब्यापी संक्रमणको रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९) को उच्च जोखिममा रहेको भनी हाम्रो देश नेपाललाई विश्व-स्वास्थ्य संगठनले घोषणा गरिसकेको र सो रोग छिमेकीदेश चिनबाट फैलिई विश्वब्यापी रुपमा संक्रमण भईरहेकोले हामीमा पनि संक्रमण हुनसक्ने खतरा रहन्छ। तसर्थ यो रोग (कोभिड-१९) कोरोना भाईरस बाट बच्नको लागि निम्न उपाय अपनाउनुहुन तथा सचेत रहनुहुन सर्वसाधारण एवं आमनागरिकमा हार्दिक अनुरोध गरिन्छ।

१) दैनिक सरसफाईमा ध्यान दिनुहुन,सफा र स्वच्छ खानपान गर्नुहुन,
२) फोहोर छोएपछी या पशुपन्छिको स्याहार गरेपछि,राम्रोसंग हातधुनु हुन तथा जथाभावि मुख,आखाँ नाकमा हातले नछुन,
३) हात नमिलाउनुहुन, अंकमाल नगर्नु हुन साथै हाछ्यु आउदा,खोकि लाग्दा र केही दुरि पर रहेर बस्नहुन नाकमुख छोप्नुहुन।
४) खानेकुराहरु राम्रोसंग सफागरी पकाएर खानुहुन।
५) सकभर घरबाहिर नजानु हुन, जानुपरे सुरक्षित उपाय अपनाई(मास्क)ईत्यादि लगायर जानुहुन।
६) कुनै सभा समारोह या भिडभाड हुने किसिमको कार्यक्रम नगर्नुहुन या तेस्तो ठाउँमा नजानुहुन।
७) उच्च मनोबल राख्नु हुन।

कोरोना भाईरस रोग लाग्दा मुख्य गरि निम्न लक्षण र चिन्ह देखिने भएकोले परिवारमा या आफुलाई निम्न लक्षण र चिन्ह देखिएमा

रुघाखोकी लागेमा
ज्वरो आएमा
श्वासफेर्न गाह्रो भएमा वा श्वास बढेमा

तुरुन्त नजिकको स्वास्थ्य संस्थामा गई जाँचगर्नु हुन साथै स्वास्थ्यकर्मिको सल्लाह अनुसार उपचार गर्नुहुन र यो रोग बिरुद्ध न्युनिकरण को अभियानमा सहयोग गर्नहुन आम सर्बसाधारणमा हार्दिक अनुरोध गरिन्छ।

बन्दिपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तनहुँ